# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय “निर्धन भवन” भगवतीबहाल, नक्साल, काठमाण्डौ, नेपाल
फोन नं. ९७७-१-४५१३७११, ४५१३८४०, फ्याक्स नं. ९७७-१-४५१३८५६

## चौबिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मितिः २०७९।१०।१९)

श्री शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९।१०।१७ मा बसेको २९६ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२)अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, समय र स्थान :**

मितिः २०७९/११/१२, शुक्रबार (तदनुसार फेब्रुअरी २४, २०२३ ।

समयः बिहान १०:०० बजे ।

स्थानः निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाडौंको सभाहलमा संचालन हुनेछ ।

**२. साधारण सभामा छलफल हुने विषयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (अन्य अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गर्ने ।

(३) वित्तीय संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १ प्रतिशतले हुन आउने रकम रु.२,१९,५०,२५०।०० (अक्षेरुपी दुई करोड उन्नाइस लाख पचास हजार दुई सय पचास मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) संस्थाको सञ्चालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**(ख) बशेष प्रस्तावहरुः**

(१) वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने ।

(२) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ सम्मको वितरण योग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजीको १९ प्रतिशतले हुन आउने रकम रु.४१,७०,५४,७५०।- (अक्षेरुपी एकचालिस करोड सत्तरी लाख चौवन्न हजार सात सय पचास मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(३) वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(४) वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

**(ग) विविध :**

**(घ) निर्वाचनः**

(१) समूह “क” संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी २ जना सञ्चालकको निर्वाचन गर्ने ।

(२) समूह “ख” सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी २ जना सञ्चालकको निर्वाचन गर्ने ।

**३. साधारण सभा सम्बन्धी अन्य जानकारीः**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज किताब बन्द रहनेः
वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभा प्रयोजनका लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७९/११/०२ गतेदेखि २०७९/११/१२ गतेसम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/११/०१ गतेसम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा आ.व. २०७८/७९ को बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।

२. शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने चौबिसौ वार्षिक साधारण सभाको प्रतिवेदन यस संस्थाको वेवसाइट www.nirdhan.com.np मा पनि हेर्न सकिनेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राही नम्वर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्यरुपमा साथमा लिइ आउनु पर्नेछ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

४. साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ ।

५. यस वित्तीय संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिइएको प्रोक्सी सबै बदर हुनेछन् । रितपूर्वक नियुक्त भएको प्रतिनिधिलाई मात्र सभामा सहभागी गराईने व्यवस्था गरिनेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुटै पत्र सहित प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

७. बुँदा ४, ५ र ६ बमोजिमका कार्य गर्नको लागि कुनै सार्वजनिक बिदा पर्न गएमा समेत कम्पनीको सचिवालय खुल्ला रहनेछ ।

८. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा सहभागी हुन चाहेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

९. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ ।

१०. नाबालक शेयरधनीको हकमा संस्थाको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।

११. समूह “क” संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट २ जना र समूह “ख” सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम साधारणसभा हुने दिनको ७ दिन अगाडि नै निर्वाचन अधिकृतले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशन गर्नेछ। सो कार्यक्रम बमोजिम निर्वाचन कार्य संचालन हुनेछ। निर्वाचन सम्बन्धी जानकारी लिनपरेमा निर्वाचन अधिकृतसँग सम्पर्क राख्नुपर्नेछ। सञ्चालकको उम्मेदवार हुन चाहनेले कम्तिमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ। यस वित्तीय संस्थाको सञ्चालक निर्वाचन निर्देशिका लिनचाहेमा तोकिएको शुल्क तिरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट लिन सकिनेछ। उम्मेदवार हुने शेयरधनी आफै उपस्थित हुनुपर्नेछ।

१२. शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ।

१३. साधारण सभाको थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ । साथै अन्य जानकारीको लागि संस्थाको वेवसाईट www.nirdhan.com.np मा समेत हेर्नुहुन अनुरोध गर्दछौं।

**४. शेयरधनी महानुभावहरुलाई जानकारीः**

आ.व. २०७७/७८ र सो भन्दा अगाडिको लाभांश तथा बोनस शेयर लिन बाँकी भएका शेयरधनीहरुले यस संस्थाका शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाडौंबाट लिनु हुन अनुरोध छ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव